annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक २८८ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ९ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष नवमी, नेपाल संवत् ११४५ | FRIDAY, FEBRUARY 21, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## विकास खर्च २०% मात्रै, बजेट कार्यान्वयनमा पुरानै शैली

मुलुकको बजेट कार्यान्वयनको परम्परागत रोग नै बनिसक्यो- विकास खर्च नहुने । जब विकास खर्च नै कम हुन्छ भने त्यो देशले विकास र समृद्धिमा फड्को मार्ला त ? असम्भव । किनभने, जति धेरै विकास खर्च, त्यति नै मुलुक समृद्ध हुन्छ, रोजगारी सिर्जना हुन्छन् । अर्थतन्त्र चलायमान हुन्छ । तर, विकास खर्च नै नहुने परम्परागत शैलीबाट देशले कहिले मुक्ति पाउला ? मुलुकसामु अहं प्रश्न खडा भएको छ ।

**ममता थापा** | *काठमाडौं*


**- को रिपोर्ट**

समाचार पृष्ठ २



चालु आर्थिक वर्षको आय र व्ययको हालसम्मको स्थिति (रु. लाखमा)

| विवरण | बजेटको लक्ष्य | हालसम्म प्रगति | प्रतिशतमा |
|---|---|---|---|
| १. राजस्व | १४,१९३,०३० | ६,५३३,११६ | ४६.०३ % |
| क) कर राजस्व | १२,८४२,०९६ | ५,७५५,११७ | ४४.८१ % |
| ख) गैरकर राजस्व | १,३५०,९३४ | ७७७,९९९ | ५७.५९ % |
| २. अनुदान | ५२३,२६५ | ८९,३६२ | १७.०८ % |
| घ. अन्य रसिदहरू | ० | ९१,२८९ | ० % |
| कुल स्रोत संकलन | १४,७१६,२९५ | ६,७१३,७६७ | ४५.६२ % |
| १. कुल खर्च | १८,६०३,०३० | ७,७५८,८६३ | ४१.७१ % |
| क. चालु खर्च | ११,४०६,६४५ | ५,३४०,०५८ | ४६.८२ % |
| ख. पुँजीगत (विकास) खर्च | ३,५२३,५४० | ७०८,३५१ | २०.१ % |
| ग. वित्त पोषण | ३,६७२,८४५ | १,७१०,४५४ | ४६.५७ % |







शुक्रबारको अनुमानित अधिकतम र न्यूनतम तापक्रम (सेल्सियसमा)

| | | |
|---|---|---|
| धनगढी | २४° | १२° |
| जुम्ला | ११° | -१° |
| पोखरा | २१° | १०° |
| भैरहवा | २८° | १४° |
| काठमाडौं | २१° | ७° |
| जनकपुर | २९° | १३° |
| विराटनगर | २८° | १४° |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग*

## पटक-पटक असफल अतिरिक्त सचिव पद किन ?

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सत्तासीन कांग्रेसकै सांसदहरूले निजामती सेवामा अतिरिक्त सचिव पद राख्नुपर्ने तर्क गरेका छन्। उनीहरूले प्रस्तावित 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' मा सचिवभन्दा एक तह तल रहने गरी अतिरिक्त सचिवको व्यवस्था गर्न प्रस्ताव गरेका छन्।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा भएको छलफलमा कांग्रेसका दिलेन्द्रप्रकाश बडुले १३औं तहमा अतिरिक्त सचिव राख्न प्रस्ताव गरेका हुन्। सचिवलाई १४औं, मुख्य सचिव, मुख्य रजिष्टार र संसद्को महासचिवलाई १५औं तहमा राख्ने प्रस्ताव कांग्रेसको छ। उक्त प्रस्तावमा कांग्रेसका १६ सांसदको समर्थन छ।

संघीय निजामती सेवा विधेयकको सुरुवाती मस्यौदामा पनि अतिरिक्त सचिवको व्यवस्थाका लागि प्रस्ताव गरिएको थियो। तर, पछि यसलाई हटाइएको थियो। हालको विधेयकमा अतिरिक्त सचिवको व्यवस्था छैन।

तर, लोक सेवा आयोगका अध्यक्ष माधव रेग्मीले पनि अतिरिक्त सचिव राखेर जान समितिमा सुझाव दिएका थिए। अतिरिक्त सचिवको व्यवस्था यसअघि दुईपटक प्रयोग भइसकेको छ। पञ्चायतमा र बहुदल आएपछि पनि अतिरिक्त सचिवको व्यवस्था थियो। ०४२ सालमा तत्कालीन सामान्य प्रशासन मन्त्रालयका सचिव मंगलकृष्ण श्रेष्ठले सहसचिवपछि अतिरिक्त सचिव र विशेष सचिव राख्ने व्यवस्था गरेका थिए। शाखा अधिकृतपछि सहायक सचिवको व्यवस्था पनि थियो। श्रेष्ठ नाम चलेका सचिवमा गनिन्थे।

उनको प्रस्तावमा मन्त्रीले कुनै अब्जेक्सन गर्दैन थिए। उनले कर्मचारीमा लटिस्टिक सर्पोट भन्ने कार्यक्रम ल्याए। त्यसमा नै अतिरिक्त, विशेष सचिवको पनि व्यवस्था गरियो। ०४९ कात्तिक २१ मा निजामती सेवा ऐन ल्याउँदा यी पद हटाइए। ०५४ सालमा विशेष सचिव दरबन्दी बनाइयो। यसको आयु पनि लामो रहेन। पूर्वमुख्यसचिव विमल कोइराला चार वर्ष मात्रै विशेष सचिवको व्यवस्था कायम रहेको स्मरण गर्छन्। उनी सचिवको 'फुर्को' लगाउनकै लागि यस्ता व्यवस्था विगतमा गरिएको बताउँछन्।



प्रशासन सेवामा कहाँ जाम छ ? उपसचिव वा शाखा अधिकृतमा ? पहिला त्यो जाम पत्ता लगाउनुपर्‍यो । सचिवको फुर्को लगाउन मात्रै नयाँ व्यवस्था ल्याएर हुन्छ ?

**विमल कोइराला**, पूर्वमुख्यसचिव



तहप्रणालीमा जाने हो भने अतिरिक्त सचिव आवश्यक छ । १५ तहमा मुख्यसचिवको व्यवस्था गर्ने हो भने १४ तहमा सचिव हुन्छ । १३ तहमा के राख्ने त ?

**कृष्णहरि बास्कोटा**, पूर्वमुख्यसचिव


» बाँकी पृष्ठ ६

## दिल्लीको मुख्यमन्त्री गुप्ता



**नयाँ दिल्ली** (एजेन्सी) : भारतीय जनता पार्टी (भाजपा) की विधायक रेखा गुप्ताले बिहीबार दिल्लीको मुख्यमन्त्री पदको शपथ ग्रहण गरेकी छन्। शपथ ग्रहण समारोहमा प्रधानमन्त्री मोदीका अलावा भाजपाका अन्य नेताहरू पनि उपस्थित भएका थिए।

समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, संघीय गृहमन्त्री अमित शाह, युनियनमन्त्री जेपी नड्डा, रक्षामन्त्री राजनाथ सिंहलगायत भारतीय जनता पार्टीका शीर्ष नेता, अन्य राज्यका मुख्यमन्त्री र उपमुख्यमन्त्रीहरू उपस्थित थिए। दिल्लीको रामलीला मैदानमा आयोजित एक समारोहमा दिल्लीका उपराज्यपाल विनयकुमार सक्सेनाले गुप्तालाई पद तथा गोपनीयताको शपथ गराएका थिए। समारोहमा भाजपाका प्रवेश बर्मा, मनजिन्दर सिंह सिरसा, रवीन्द्र इन्द्रराज सिंह, आशिष सूद, कपिल मिश्रा र पंकजकुमार सिंहले मन्त्रीपदको शपथ लिएका छन्।




## केआईआईटीबाट धमाधम फर्कंदै नेपाली विद्यार्थी

### वीरञ्जबाट १५६ र रानी नाकाबाट ८३ फर्के

**किशोर बुढाथोकी** | *विराटनगर*
**क्रान्ति साह** | *वीरगन्ज*

भारतको ओडिसा राज्यको भुवनेश्वरस्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) विश्वविद्यालयबाट कुटपिट गरी निकालिएका मध्ये १ सय ५६ जना नेपाली विद्यार्थी वीरगन्ज नाका हुँदै घर फर्किएका छन्। यस्तै विराटनगरको रानी नाकाबाट ८३ जना फर्केका छन्।

बुधबार बिहान २ बजेदेखि बिहीबार बिहान १० बजेसम्म वीरगन्ज नाका हुँदै १ सय ५६ जना नेपाली विद्यार्थी घर फर्किएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए। भुवनेश्वरबाट रेल र सडकमार्ग हुँदै रक्सौल आइपुगेका उनीहरू वीरगन्ज नाकाबाट नेपाल प्रवेश गरेको मिश्रले बताए।



वीरगन्जको इनर्वा नाका हुँदै १ सय ५३ जना र अलौंनाका हुँदै तीन जना विद्यार्थी नेपाल आइपुगेको मिश्रले बताए। तीमध्ये छात्रा २७ जना र छात्र १ सय २९ जना छन्। वीरगन्ज नाका हुँदै नेपाल आइपुगेका विद्यार्थी पर्सा, बारा र रौतहट जिल्लाका रहेको प्रहरी उपरीक्षक मिश्रले बताए।

वीरगन्ज नाका हुँदै आइपुगेका उनीहरूलाई प्रहरी, वीरगन्ज महानगरपालिका र साउथजोन माविले गाडी व्यवस्थापन गरेर घर पठाएको प्रहरी उपरीक्षक मिश्रले बताए। मिश्रले भने, 'टाढा घर भएकाहरूलाई प्रहरीसमेतको सहयोगमा गाडी व्यवस्थापन गरेर गन्तव्यसम्म पठाइएको छ। केहीका भने आफन्त नै आएर साथमा लिएर गएका छन्।'

ओडिसाको केआईआईटी विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थी प्रकृति लम्सालको गत आइतबार शंकास्पद मृत्यु भएपछि घटनाको न्यायिक छानबिनको माग गर्दै आन्दोलनमा उत्रिएका नेपाली विद्यार्थीलाई कलेज प्रशासनले कुटपिट गर्दै होस्टेल (छात्रावास) बाट निकालेको थियो।

कलेजबाट भागेर कष्टपूर्ण यात्रा गर्दै नेपाल फर्किएको विद्यार्थीले बताएका छन्। बुधबार वीरगन्जको इनर्वा नाका हुँदै आएका वीरगन्ज-१५ ब्रह्मचोकका छात्र पिन्टु यादवका अनुसार केआईआईटी विश्वविद्यालयमा करिब १ हजार ५ सय नेपाली विद्यार्थी अध्ययनरत छन् । केआईआईटी कलेजमा बिटेक सिभिल दोस्रो सेमेस्टरमा अध्ययनरत यादवले 'आफ्नै देशकी चेलीको शंकास्पद मृत्यु' को छानबिन हुनुपर्ने माग राखेर आन्दोलन गर्दा कलेज प्रशासनले गुन्डा लगाएर निर्घात कुटपिट गरेको बताए।

» बाँकी पृष्ठ ६